जिल्ला प्रशासन कार्यालय ललितपुरको मिति २०५५।१२।५ को निर्णयानुसार स्वीकृत विधान

श्री स्थानीय अधिकारी ज्यू,
जिल्ला प्रशासन कार्यालय, ललितपुर ।

विषय : संस्था दर्ता गरी पाउँ ।

हामीले "चिल्ड्रेन एट रिस्क नेटवर्क नेपाल" नामक सामाजिक संस्था, संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता गर्न चाहेकोले रु. ५/- को टिकट टाँसी प्रस्तावित विधानको ४ (चार) प्रति, पदाधिकारीहरुको नागरिकताको प्रमाणित प्रतिलिपि १/१ प्रतिसमेत यसैसाथ संलग्न गरी देहायको विवरण खुलाई निवेदन गरेका छौं ।

विवरण "जोखिममा परेका बालबालिकाहरुको सञ्जाल नेपाल"

१. संस्थाको नाम : "चिल्ड्रेन एट रिस्क नेटवर्क नेपाल" **(Children At Risk Network Nepal)**
२. संस्थाको ठेगाना : ललितपुर जिल्ला, ताल्चिखेल वडा नं.- १५
३. संस्थाको घर नं.: टेलिफोन नं.: ५५३९७९६
इमेल: **carnet@htp.com.np** पो.व.न.: ८९७५ इ.पि.सि.: २१६५
४. संस्थाको मूलभूत उद्देश्य :
१. जनचेतना जगाउने : बालबालिकाहरुको बस्तुस्थितिबारे जनचेतना जगाउने ।
२. राहत दिलाउने : आवश्यकतामा परेका बालबालिकाहरुलाई समस्याबाट मुक्त हुनको निम्ति आर्थिक सहयोग जुटाई राहत दिलाउने ।
३. पुनर्स्थापना गराउने : सडके जीवन यापन गरिरहेका, दुर्व्यशनमा लागेका तथा अनाथ-टुहुराहरुलाई सकेसम्म उनीहरुकै घर-परिवारमा र बाल सरोकार केन्द्र तथा बाल गृहहरुमा पुनर्स्थापन गर्ने/गराउने ।
४. सर्वाङ्गीण विकासका लागि पहल गर्ने : बालबालिकाहरुलाई भौतिक, बौद्धिक, सामाजिक, आत्मिक, शैक्षिक आदि क्षेत्रहरुमा विकसित हुनलाई व्यवस्था मिलाउने ।

५. संस्थाको आर्थिक स्रोत :
क) संस्थाको आर्थिक स्रोत निम्न बमोजिम हुनेछ ।
- संस्थापक सदस्यहरुले संस्थाको स्थापना बापत दिएको रकम ।
- सदस्यता शुल्कबाट प्राप्त हुन आएको रकम ।
- श्री ५ को सरकार, स्वदेशी वा विदेशी व्यक्ति वा संस्थाबाट प्राप्त दान, दातव्य, उपहार, ऋण, पुरस्कार आदि ।
- संस्थाद्वारा आयोजित विविध कार्यक्रमबाट संकलित रकम र संस्थाले आर्जन गरेको सम्पत्ति
- संस्थाको चल अचल सम्पत्तिबाट प्राप्त हुने रकम ।

६. प्रबन्ध समितिका पदाधिकारी :

| क्र.स. | नाम, थर | संस्थाको पद | स्थायी वतन | वडा नं. | पेशा | दस्तखत |
|---|---|---|---|---|---|---|
| १ | श्री हिम बहादुर गुरुङ्ग | अध्यक्ष | ल.पु., धापाखेल | ३ | समाजसेवी | |
| २ | श्री शमुएल सोदेम्बा | उपाध्यक्ष | ल.पु., भैंसेपाटी | ४ | समाजसेवी | |
| ३ | श्री सोम बहादुर गुरुङ्ग | सचिव | ल.पु., बागडोल | ४ | समाजसेवी | |
| ४ | श्री इन्द्र बहादुर रखाल | कोषाध्यक्ष | ल.पु., भैंसेपाटी | ८ | समाजसेवी | |
| ५ | श्री सुन्दर बहादुर थापा | सदस्य | का.जि., समाखुसी | ३ | समाजसेवी | |
| ६ | श्री विष्णु प्रसाद पराजुली | सदस्य | का.जि., चपली | ९ | समाजसेवी | |
| ७ | सुश्री तुलसा शर्मा | सदस्य | ल.पु. धोविघाट | ३ | समाजसेवी | |
| ८ | श्री मदन किराती | सदस्य | का.जि. गंगबु | ८ | समाजसेवी | |
| ९ | श्री धनराज घिमिरे | सदस्य | ल.पु. सानेपा | २ | समाजसेवी | |

भवदीय

(..............................)
श्री हिम बहादुर गुरुङ्ग

# चिल्ड्रेन एट रिस्क नेटवर्क नेपालको विधान (२०६२)

**प्रस्तावना**

नेपाल अधिराज्यको कुल जनसंख्याको झण्डै ४३%, १४ वर्ष मुनिका बालबालिकाको छ। यसमध्ये पनि अधिकांश बालबालिका गरीबीको रेखामुनि रहेर अनेकौं प्रकारका समस्या, जोखिम र अप्ठ्यारा परिस्थिति सहन गर्दै जीवन यापन गर्न वाध्य छन्। ठूलो संख्याका बालबालिका विभिन्न खाले बाल अधिकारका कुराहरू उपयोग गर्नबाट बञ्चित छन्। कति त रोग, भोक र प्राकृतिक प्रकोपको शिकार पनि बन्न पुगेका छन्। कति बालबालिकाहरू यौन-शोषण, श्रम-शोषण र बाल अधिकारको शोषणको चपेटामा परेका छन्। राजनैतिक अस्थिरता र अन्योलताले पनि बालबालिकाको भाग्यमा खेलबाड गरिरहे कै छ। बालबालिकाहरुको आजको यस्तो विकराल परिस्थितिबाट उनीहरुलाई उठाउनुपरेको छ, राहत दिलाउनुपरेको छ, अवसर प्रदान गर्नुपरेको छ र उनीहरुको हक र हितका लागि आवाज उठाउनुपरेको छ। यो समस्या राज्यको समस्या हो। यो वृहत् छ। केवल एउटा पक्षको प्रयासले केही हुनेवाला छैन। यसमा सरकार र सम्पूर्ण समाज सेवी, विकास प्रेमी र बाल प्रेमी जनता लागिपर्नुपरेको छ। यही प्रयासमा हातेमालो गर्दै बाल हक, हित र उत्थानका लागि यस चिल्ड्रेन एट रिस्क नेटवर्क नेपाल (कार्नेट नेपाल) नामक संस्था दर्ता हुन लागेको हो। सरकार र सम्बन्धित विभाग पनि सकारात्मक रहेमा यस संस्थाले लक्षित गरेका उद्देश्यहरु परिपूर्ति भई ठूलो उपलब्धी हासिल हुने कुरामा यो संस्था आशावादी छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. संस्थाको नाम :

यस संस्थाको नाम "चिल्ड्रेन एट रिस्क नेटवर्क नेपाल" रहनेछ। अंग्रेजीमा "Children At Risk Network Nepal" रहनेछ। छोटकरीमा नेपालीमा "कार्नेट नेपाल" र अंग्रेजीमा "CARNET NEPAL" रहनेछ।

क) संस्थाको कार्यालय रहने ठेगाना :
यस संस्थाको कार्यालय बागमती अञ्चल ललितपुर जिल्ला, वाड नं. १५, ताल्चिखेल मा रहनेछ।

ख) संस्थाको कार्य क्षेत्र
यस "चिल्ड्रेन एट रिस्क नेटवर्क नेपाल" संस्थाको कार्यक्षेत्र ललितपुर जिल्ला ललितपुर उप-महानगरपालिका हुनेछ। आवश्यकता अनुसार सम्बन्धित जिल्लाको स्थानिय अधिकारीको स्वीकृति लिई नेपाल अधिराज्यभित्र कार्य क्षेत्र विस्तार गरिने छ।

ग) प्रारम्भ :
यो विधान संस्था दर्ता भएको मिति देखि प्रारम्भ हुनेछ।

घ) संस्थाको अस्तित्व :
यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैर-नाफामूलक, गैर-राजनितिक तथा गैर-सरकारी सामाजिक संस्था हुनेछ। संस्थाबाट आफ्नो उद्देश्य वाहेक आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरिने छैन।

२. परिभाषा

(क) "ऐन" भन्नाले संस्था दर्ता ऐन २०३४ लाई सम्झनु पर्नेछ।

(ख) "विधान" भन्नाले शान्ति नेपाल को विधानलाई सम्झनु पर्दछ।

(ग) "संस्था" भन्नाले शान्ति नेपाल लाई सम्झनु पर्दछ

(घ) "नियमावली" भन्नाले ऐन तथा विधानको अधिनमा रही बनाई लागू गरिएको यस संस्थाको नियमावलीलाई सम्झनु पर्दछ।

(ङ) "समिति" भन्नाले यस विधानको दफा १३ बमोजिम गठित कार्य समितिलाई जनाउँदछ।

(च) "सभा" भन्नाले संस्थाको साधारण सभालाई सम्झनु पर्दछ।

(छ) "पदाधिकारी" भन्नाले संस्थाका पदाधिकारीलाई सम्झनु पर्दछ।

(ज) "केन्द्रीय कार्यालय" भन्नाले संस्थाको केन्द्रीय कार्यालयलाई सम्झनु पर्दछ।

(झ) "स्थानीय अधिकारी" भन्नाले सम्बन्धित जिल्लाको प्र.जि.अ. लाई जनाउने छ।

(ञ) "स्थानीय निकाय" भन्नाले गा.वि.स. र महानगर र उपमहानगर र नगरपालिका र जि.वि.स.लाई जनाउने छ।

३. संस्थाको छाप र चिन्ह :

प्रचलित व्यवस्थाको प्रतिकुल नहुनेगरी संस्थको एउटा छुट्टै छाप र चिन्ह हुनेछ। छाप र चिन्ह अनुसुचि-१ बमोजिमको ढाँचामा हुनेछ। तर संस्थाको नाम छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासँग मेल खाएमा संशोधनको प्रक्रियाद्वारा तुरुन्त संशोधन गरिने छ।

## परिच्छेद - २

## उद्देश्य

४. संस्थाको उद्देश्य : संस्थाको उद्देश्य देहाय बमोजिम रहनेछ।

(क) यो संस्था मुनाफा रहित, जनहितकारी सामाजिक संस्था हुनेछ।

(ख) जनचेतना जगाउने : बालबालिकाहरुको बस्तुस्थितिबारे जनचेतना जगाउने।

(ग) राहत दिलाउने : आवश्यकतामा परेका बालबालिकाहरुलाई समस्याबाट मुक्त हुनको निम्ति आर्थिक सहयोग जुटाई राहत दिलाउने।

(घ) पुनर्स्थापना गराउने : सडके जीवन यापन गरिरहेका, दुर्व्यशनमा लागेका तथा अनाथ-टुहुराहरुलाई सकेसम्म उनीहरुकै घर-परिवारमा र बाल सरोकार केन्द्र तथा बाल गृहहरुमा पुनर्स्थापन गर्ने/गराउने।

(ङ) सर्वाङ्गीण विकासका लागि पहल गर्ने : बालबालिकाहरुलाई भौतिक, बौद्धिक, सामाजिक, आत्मिक, शैक्षिक आदि क्षेत्रहरुमा विकसित हुनलाई व्यवस्था मिलाउने।

(च) रोकथाम गर्ने : बालबालिकाहरुलाई जटिल, जोखिमपूर्ण अवस्थामा पुग्नभन्दा अगावै परामर्श वा ज्ञानमूलक कार्यक्रमहरुद्वारा उक्त परिस्थितिमा पुग्नबाट रोकथाम गर्ने।

(छ) सुमधुर सम्बन्ध स्थापना गर्ने : विभिन्न क्षेत्रका बालबालिकाहरुबीच सुमधुर सम्बन्ध स्थापनाको निम्ति बेला बेलामा मनोरञ्जनात्मक कार्यक्रमहरु गर्ने/गराउने।

(ज) समान उद्देश्य रहेका संघ-संस्थाहरुसँग सञ्जालमा रहने : बालबालिकाहरुको हक-हित, संरक्षण साथै बाल विकासको माध्यममा साझेदारी-सम्बन्धमा रहने।

(झ) तालिम : बालबालिकाहरुको सेवामा लागेकाहरुलाई कार्यकुशलता र कार्यदक्षताका लागि तालिमको व्यवस्था गर्ने।

(ञ) वकालत तथा कानूनी परामर्स सेवा : कार्नेट नेपालसँग आबद्ध भएको प्रत्येक समूह, यू., पप्रदाय लगायत बालगृह बाल कल्याणकारी दिवा सुधार केन्द्र बाल कानूनी तथा परामर्श केन्द्रहरुलाई कानूनी परामर्श प्रदान गर्ने।

(ट) विभिन्न दातृ संघ संस्था, गैह्र सरकारी, सरकारी तथा अन्य स्वदेशी तथा विदेशीहरुसँग मिलेर योजना अनुसारको कार्यक्रम गरिने छ।

(ठ) कर्नेट नेपाललाई आवश्यक पर्ने विषयका विज्ञहरुलाई परिचालन गर्ने सम्बन्धमा सबै पक्षबीच समन्वय गरि कार्य सम्पादन गर्ने छ।

(ड) टेलिफोन मार्फत परामर्श सेवा (हटलाइन) प्रदान गरिनेछ, आदि।

५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु:

यस संस्थाको उपरोक्त उद्देश्यहरु प्राप्त गर्न देहायका कार्यहरु गर्नेछ :

(क) संस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरि मात्र आफ्ना उद्देश्यहरु कार्यान्वयन गर्ने छ।

(ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने छ र कम्प्यूटर, टेलिफोन, टाइपराइटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ।

(ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तीनको सेवा सर्तहरु निर्धारण गर्नेछ।

## परिच्छेद - ३

## सदस्यता

६. सदस्यहरुको वर्गिकरण:

यस संस्थाका देहाय बमोजिम ४ प्रकारका सदस्यहरुको वर्गिकरण गरिएको छ :

क) साधारण सदस्य :

यस विधानले दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले तोकिएको प्रकृया अन्तर्गत रहि आवेदन गरेमा संस्थाको सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुने छन्।

ख) संस्थापक सदस्य :

यस संस्था दर्ता हुँदाको बखतका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन्। संस्थापक सदस्यहरुले साधारण वा आजिवन सदस्यता लिएर विधान बमोजिम शुल्क बुझाउनु पर्नेछ।

ग) आजीवन सदस्य :

संस्थाको विकासको लागि विषेश सहयोग दान पुऱ्याउने व्यक्तिहरुलाई तोकिएको प्रकृया अन्तर्गत आजीवन सदस्यता प्रदान गरिने छ।

घ) मानार्थ सदस्य :

उपयुक्त ठहर गरेको विशिष्ठ समाजसेवी तथा प्रतिष्ठित नेपाली नागरिकलाई संस्थाको मानार्थ सदस्यप्रदान गर्न सक्नेछ तर मानार्थ सदस्यहरुको मताधिकार रहने छैन।

७. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :

यस संस्थाको सदस्यको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :-

क) नेपाली नागरिक भएको।

ख) १८ वर्ष उमेर पुरा गरेको।

ग) मानसिक सन्तुलन नगुमाएको।

घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको।

ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टचारीको अभियोगमा सजाय नपाएको।

च) संस्थाको विरुद्धको कुनै मुद्दामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा पक्ष, विपक्ष रहे भएको वा स्वार्थ आवद्ध भएको।

८. संस्थाको सदस्य प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था :

देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यताको सदस्य पद प्राप्त गर्न सक्ने छैन।

क) गैर नेपाली नागरिक।

ख) १८ वर्ष उमेर पुरा नभएको।

ग) मगज विग्रको वा बौलाएको।

घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको।

ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टचारीको अभियोगमा सजाय नपाएको।

च) सम्बन्धित संस्थाका व्यवसायमा निजी स्वार्थ भएको।

छ) साहूको दामासाहीमा परको।

ज) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाँझी गरको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदन ठहरी सजाय पाई सजाय पाएको एक वर्ष भित्र।

९. सदस्यताको समाप्ति :

१. देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको वहाल रहने छैन।

क) यस विधानको दफा ८ बमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा।

ख) साधारण सभाको ७५% को सदस्यहरुको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा।

ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा।

घ) संस्थाको काम कारवाहीमा बेइमानी वा वदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा।

ङ) यस विधान बमोजिम संस्थाले गर्न नहुने, भनी तोकिएको कुनै कार्य गरेमा।

च) सदस्यता शुल्क बुझाउन बाँकी भएमा।

छ) संस्था विघटन भै खारेज भएमा।

२. कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा वहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिइ, सफाईको सबुद् पेश गर्ने मौका दिइने छ।

१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :

यस विधानको दफा ६ बमोजिम सदस्यहरुले देहाय बमोजिमको उपदफामा तोकिएको शुल्क तिरी सदस्यता प्राप्त गर्न सक्नेछन्।

१. साधारण सदस्य :

क) साधारण सदस्य प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क वापत रु. १०० र वार्षिक शुल्क बापत रु. २०० बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गर्नेलाई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिने छ।

ख) त्यस्ता साधारण सदस्यले बार्षिक नविकरण शुल्क रु. १०० बुझाउनु पर्नेछ।

ग) साधारण सदस्य प्राप्त गर्ने सदस्यले प्रत्येक वर्ष चैत्र मसान्त भित्र नविकरण गराइसक्नु पर्नेछ र त्यसपछिको हकमा तोकिए बमोजिमको थप दस्तुर बुझाई नविकरण गर्न सक्ने छ।

२. संस्थापक सदस्य :

क) यो संस्था दर्ता हुदाको बखतका तदर्थ समितिका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन्।

ख) संस्थापक सदस्यहरुले विधानमा उल्लेख भए बमोजिमको शुल्क बुझाई साधारण सदस्य वा आजिवन सदस्य प्राप्त गर्न सक्नेछन्।

३. आजीवन सदस्य :

संस्थामा एकमुष्ट रु. ५,०००/- (रु.पाँच हजार मात्र) बुझाई तोकिएको प्रकृया अन्तरगत आवेदन दिने व्यक्तिहरुलाई कार्य समितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ।

४. मानार्थ सदस्य :
साधारण सभाको निर्णयले उपयुक्त ठानेको समाजसेवी विशिष्ठ व्यक्ति तथा प्रतिष्ठित नेपाली नागरिकहरुलाई मानार्थ सदस्य प्रदान गर्न सक्नेछ, तर मानार्थ सदस्यको मताधिकार रहने छैन ।

५. कुनै आवेदकलाई सदस्य नदिने निर्णय गरेमा सो को कारण सहितको जानकारी आवेदकलाई दिईनेछ ।

६. सबै सदस्यहरुले यस विधान र विधान अन्तरगत बनेको नियम र विनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नु पर्नेछ ।

७. संस्थाले प्रदान गरेको उपदफा १, २, ३ र ४ अनुसारको सदस्यहरुको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका रहनेछ ।

## परिच्छेद - ४
## साधारण सभा, कार्यसमिति तथा वैठक सम्बन्धी व्यवस्था

११. साधारण सभाको गठन :

१. यस संस्थाको विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु बाहेक अन्य सदस्यहरु संस्थाको साधारण सभा गठन हुने छ। मानार्थ सदस्यहरु आमन्त्रित हुने छन् । साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ।

२. यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ :

क) वार्षिक साधारण सभा : बर्षको एक पटक वार्षिक साधारण सभा बस्ने छ ।

ख) विशेष साधारण सभा : संस्थाको कुल सदस्य संख्याको १/४ (एक चौथाई) सदस्यहरुले कारण जनाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा, कार्यसमितिले कम्तिमा ७ (सात) दिनभित्र अनिवार्य रुपमा बोलाउनु पर्दछ । तर साधारण सभा वा विशेष सभा बसेको छ मनिना भित्र पुन : विशेष साधारण सभा बस्न सक्ने छैन ।

३. यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्था स्थापना भएको आ.व. समाप्त भएको मितिले दुई महिना भित्रमा गरिने छ र त्यसपछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले २ (दुई) महिना भित्र गरिने छ।

४. यस संस्थाका वार्षिक साधारण सभा गर्नको लागि कम्तिमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तिमा ७ (सात) दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यहरुलाई अनिवार्य रुपले सूचना दिइनेछ।

५. उप-दफा ४ बमोजिम बोलाइएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ बमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ (सात) दिनको म्याद दिन पुनः साधारण सभा बोलाइने छ।

६. साधारण सभा र विशेष साधारण सभाको छुट्टाछुट्टै निर्णय पुस्तिका राखिने छ ।

१२. साधारण सभाको काम, कर्तव्य र अधिकार : साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) कार्यसमितिले पेश गरेको योजना कार्यक्रमहरु र बार्षिक बजेट पारित गर्ने ।

ख) लेखा परीक्षकबाट प्राप्त भएको बार्षिक लेखा परीक्षण-प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रमकहरु अशुल उपर गरी फछ्यौट गर्नको लागि कार्यसमितिलाई निर्देशन दिने ।

ग) आगामी वर्षको लागि लेखा परीक्षकको नियुक्ति गर्ने ।

घ) संस्थाको वार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेको कार्यहरुको मूल्याङ्कन गरी कार्यसमितिलाई आवश्यक निर्देशन दिने।
ङ) संस्थाको कार्यसमितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्यसमितिका पदाधिकारीहरुको विधान बमोजिमको प्रकृया अन्तरगत रही निर्वाचन गर्ने।
च) कार्यसमितिद्वारा पेश भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने।
छ) मानार्थ सदस्यता प्रदान गर्ने।
ज) कार्यसमितिबाट संस्थाको हित अनुकुल भएका काम-कारवाहीहरुको औचित्य हेरी अनुमोदन गर्ने।
झ) संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्यसमितिले पेश गरेको कर्मचारीहरुको दरवन्दी, पारिश्रमिक, भत्ता तथा अन्य सुविधाहरुमा आवश्यकता अनुरुप स्वीकृति प्रदान गर्ने।

१३. कार्यसमितिको गठन :

१. साधारण सभाका सदस्यहरुबाट निर्वाचित देहाय बमोजिमको पदाधिकारीहरु रहने ९ सदस्यियको एक कार्यसमिति गठन गरिने छ।

| | |
|---|---|
| अध्यक्ष | १ |
| उपाध्यक्ष | १ |
| सचिव | १ |
| कोषाध्यक्ष | १ |
| सदस्य | ५ जना सम्म। |

२. कार्यसमितिको कार्यकाल ३ (तीन) बर्षको हुनेछ।
३. बार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्यसमितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्यसमितिका सदस्यको मनोनित कार्यसमितिद्वारा गर्न सकिनेछ। यसरी सो पदमा निर्वाचन भएको सदस्यको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो सो सदस्य बाँकी कार्यकाल सम्मका लागि मात्र हुने छ तर अन्य पदहरुको लागि विधान बमोजिम बाँकी अवधिको निमित्त निर्वाचन प्रकृयाद्वारा पद पूर्ति गरिनेछ।
४. कार्यसमितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउने छ। तर कार्यसमितिको पदाधिकारीहरुको जम्मा संख्याको ५१ % ले बैठक बोलाउन माग गरेका अध्यक्षले कार्यसमितिको बैठक तुरुन्त बोलाउनु पर्नेछ।
५. कार्यसमितिका पदाधिकारीहरुको कूल संख्याको ५१ % पदाधिकारीहरु उपस्थित नभै, कार्यसमितिको बैठक बस्ने छैन।
६. कार्यसमितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्ने छ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति रहेमा बैठकमा उपस्थित भएमा अन्य बैठकमा उपस्थित सदस्यहरुले छानेको वा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ।
७. कार्यसमितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ।
८. कार्यसमितिको बैठकमा छलफल भएको विषयहरुको छुट्टै निर्णय कितावमा लेखी राखिने छ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुले सही गर्नु पर्नेछ तर निर्णयमा असहमती जनाउनेहरुले कैफियत खोली सही गर्नु पर्ने छ।
९. संस्थाले गर्ने भनेको सम्पूर्ण कार्य कार्यसमितिको निर्णयबाट हुनेछ।
१०. माथिका दफाहरु जुनसुकै कुरा लेखिएको भएता पनि कार्यसमितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्यसमितिका सबै पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिने छ। उपरोक्त बमोजिमको सहमतिलाई कार्यसमितिको बैठकको निर्णय सरह मानिनेछ।

१४. कार्यसमितिको काम, कर्तव्य र अधिकार : कार्यसमितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

१. संस्थाको आगामी वर्षको बार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।
२. विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यन्वयन गर्ने गराउने ।
३. संस्थाको हितमा हुने कार्यक्रमहरु संचालन गर्ने ।
४. साधारण सभा प्रति उत्तरदायी रहने ।
५. संस्थाको कार्य सम्पादन गर्न कार्य योजना बनाउने, श्रोत जुटाउने, कार्यन्वयन, सुपरीवेक्षण र अनुगमन गर्ने ।
६. संस्थाको उद्देश्य प्राप्तिका लागि उपलब्ध साधन र श्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने ।
७. संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली संचालन गर्ने ।
८. संस्थाको कर्मचारीहरुको सेवा शर्त र सुविधा आदि सम्बन्धि कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागु गर्ने गराउने ।
९. संस्थाको उद्देश्य परिपूर्तिको लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरुको सल्लाहकार समितिका अन्य समिति, उपसमिति गठन गर्ने र आवश्यकता अनुरुप कार्यको बाडंफांड गरी दिने ।
१०. संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

१५. पद त्याग गर्न सक्ने : अध्यक्षले उपाध्यक्ष मार्फत् कार्यसमिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्ने छन् ।

१६. अन्य समितिहरु :

१. यस विधानको परिधि भित्र रहेर संस्थाको कार्य संचालनको लागि कार्यसमितिले आवश्यकता अनुसार अन्य समिति वा उप-समितिहरु गठन गर्न सक्ने छ तर साधरण सभाको बैठकद्वारा अनुमोदन गराउनु पर्ने छ ।
२. उप-समितिहरुको कार्यहरु कार्यसमितिले तोकि दिए बमोजिम हुनेछ ।

## परिच्छेद - ५
## पदाधिकारीहरुको काम कर्तव्य र अधिकार

१७. पदाधिकारीहरुको काम कर्तव्य र अधिकार : कार्यसमितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. अध्यक्षको काम कर्तव्य र अधिकार :
क) समति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने ।
ख) निर्णायक मत दिने ।
ग) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।
घ) संस्थाको नेतृत्व लिने ।
ङ) आवश्यकता अनुसार बैठकहरु बोलाउन महासचिवलाई निर्देशन दिने ।
च) अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँडफाँड गर्ने ।
छ) अभिलेख प्रमाणित गर्ने ।

२. उपाध्यक्षको काम कर्तव्य र अधिकार :
क) अध्यक्षलाई सहयोग गर्ने ।
ख) अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने ।
ग) अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने ।

३. सचिवको काम कर्तव्य र अधिकार :

क) संस्थाको सचिवालयको रेखदेख र संचालन गर्ने ।
ख) अध्यक्षको निर्देशन अनुसार बैठक र सभा बोलाउने ।
ग) अभिलेख सुरक्षित राख्ने ।
घ) अध्यक्षले दिएको अन्य जिम्वेवारी पुरा गर्ने ।
४. कोषाध्यक्षको काम कर्तव्य र अधिकार :
क) संस्थाको कोषको रेखदेख र सञ्चालन गर्ने ।
ख) साधारण सभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।
ग) लेखा दुरुस्त राख्ने ।
घ) नियमितरुपमा वार्षिक लेखा परीक्षण गराउने ।
५. सदस्यहरुको काम कर्तव्य र अधिकार :
क) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।
ख) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

१८. गणपूरक संख्या :
१. कुल सदस्य संख्याको ६० (साठी) प्रतिशत साधरण सदस्यहरुको उपस्थित नभै साधारण सभाको काम कारवाही हुने छैन ।
२. तर विधानको दफा ११ को (५) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कुल सदस्य संख्याको ५१ (एकाउन्न) प्रतिशत उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

## परिच्छेद - ६
## आर्थिक व्यवस्था

१९. संस्थाको कोष :
१. संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रमकहरु जम्मा हुनेछन् :
क) सदस्यता वापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम ।
ख) कसैले स्वइच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम ।
ग) संस्थाको चल अचल सम्पत्ति वा अन्य वस्तुको विक्रिबाट प्राप्त रकम ।
घ) विदेशी संस्था व्यक्ति वा अर्न्तराष्ट्रिय संघ संस्थाबाट सहयोग वापत प्राप्त रकम ।
ङ) स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोग वापत प्राप्त रकम ।
२. विदेशी संघ संस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिने भए संस्थाले श्री ५ को सरकार अर्थ मन्त्रालयबाट स्वीकृति लिईने छ ।
३. संस्थामा प्राप्त रकम स्थानीय वैंकमा जम्मा गरी बैंक खाता संचालन गरिनेछ ।

२०. खाता संचालन : कोषको रकम संचालनार्थ नेपाल स्थित कुनै वैंकमा संस्थाको नाममा बैंक खाता खोलिने छ । जसको संचालन अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै तीनको संयुक्त दस्तखतबाट संचालन हुनेछ, जसमा अध्यक्ष र कोषाध्यक्षको दस्तखत अनिवार्य हुनुपर्नेछ ।

२१. कोषको रकम खर्च गर्ने तरिका : संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाई खर्च गरिनेछ ।
क) संस्थाको बार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।
ख) साधारण सभावाट पारित बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।
ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नु पर्नेछ ।

घ) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नुपर्ने छ।

२२. संस्थाको लेखा र लेखा परीक्षण :
१. संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम स्पष्ट राखिनेछ।
२. संस्थाको लेखा परीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परिक्षकबाट हुने छ।
३. श्री ५ को सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखतमा पनि आफै वा मातहतका कर्मचारीहरु खटाई संस्थाको हिसाब जाँच गर्न गराउन सक्नेछ।
४. लेखा परीक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ। तर प्रथम बार्षिक साधारण सभा नभए सम्म लेखा परिक्षकको नियुक्ति कार्यसमितिबाट हुनेछ।
५. संस्थाको लेखा परीक्षण प्रतिवेदन र बार्षिक कार्य प्रगति विवरणको १/१ प्रति स्थानीय अधिकारी, जि.वि.स., समाज कल्याण परिषद् र सम्वन्धित निकायमा पेश गरिनेछ।

## परिच्छेद - ७
## निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धी व्यवस्था

२३. निर्वाचन सम्वन्धी व्यवस्था :
१. कार्यसमितिको निर्वाचन प्रयोजनकोलागि बढीमा ५ जनाको एक निर्वाचन समिति कार्यसमितिको सहमतिद्वारा गठन गरिनेछ।
२. निर्वाचन समितिले प्रचलित कानूनको परिधि भित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थित गर्नेछ।
३. निर्वाचन सम्वन्धी विवाद उत्पन्न भएमा विवादनको टुङ्गो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुने छ।
४. निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समितिको स्वत: विघटन हुनेछ।

२४. उमेद्वार हुने योग्यता : कार्यसमितिको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ।

२५. अविश्वासको प्रस्ताव :
१. अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय वमोजिमको रित पुऱ्याई संस्थामा दर्ता गर्नु पर्नेछ।
क) नेपाली भाषामा शिष्ट शव्दको प्रयोग गरी लेखिएको हुनुपर्छ।
ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनुपर्छ।
ग) साधारण सभा सदस्यहरु मध्येबाट कम्तीमा १/४ (एक चौथाई) सदस्यहरुको प्रष्ट नाम थर र ठेगाना सहित खुलाई सही भएको हुनुपर्छ।
२. उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय समेत तोकी संस्थाको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा ११ (४) बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिइने छ।
३. अविश्वासको प्रस्ताव माथि छलफल प्रक्रिया :
क) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उपदफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ।
ख) उपदफा ३ (क) बमोजिम अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिम प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य तीन जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ।

ग) उपदफा (१) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाईहरु राख्न अनुमति दिइनेछ ।

४. अविश्वासको प्रस्ताव माथि निर्णय :

१. अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछ ।

क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्याएर वा

ख) साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

२. साधारण सभाको कुल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारण सभा सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजको लागि स्थानिय अधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ ।

३. निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

२६. विधान संशोधन : कुल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारण सभा सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजको लागि स्थानिय अधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ ।

२७. नियम बनाउन सक्ने :

१. संस्थाको आफ्नो कार्यसम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ र सो नियम साधारण सभाबाट पारित गराई लागु हुनेछ र स्थानीय अधिकारीलाई सो को जानकारी दिनु पर्नेछ ।

२. यो विधान र विधान अन्तर्गत बनेको नियमको अधिनमा रही संस्थाको कार्य संचालन र उद्देश्य कार्यान्वयनका लागि कार्यसमितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्वन्धी विनियम बनाई लागू गर्न सक्नेछ । त्यस्तो विनियहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

२८. कर्मचारीको व्यवस्था :

क) संस्थाको दैनिक कार्य संचालन र योजना तथा कार्यक्रम संचालनको लागि कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि तोकिए वमोजिम हुनेछ ।

ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको संचालन गर्ने कार्यान्वयन विदेशी सल्लाहकार वा स्वयमसेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि, पुऱ्याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण स्थानीय अधिकारी, जिल्ला विकास समिति र समाज कल्याण परिषद्मा समेत जानकारी गराइनेछ ।

२८. संस्था खारेजी :

१. साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेजी गर्न सक्नेछ ।

२. उपदफा १ बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरु र संस्थाको हिसाब किताब गर्नाको लागि एक वा एक भन्दा बढी लेखा परीक्षकहरु नियुक्त गर्न सक्नेछन् ।

३. उपदफा (२) बमोजिम नियुक्त लिक्विडेटर र लेखा परीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

४. ~~प्रस्तो~~ कारणबस संस्था विघटन भई खारेज भएमा ~~संस्थाको दायित्वको फरफारक गरी बाँकी रहने~~ सम्पूर्ण जाय जेथा श्री ५ को सरकारको हुनेछ ।

३०. व्याख्या : यो विधान र विधान अन्तरगत बनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्यसमितिलाई हुनेछ ।

३१. गोप्यता भंग गर्न नहुने : यस संस्थाका कुनैपनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुदैन । कार्यसमितिका पदाधिकारी वा साधारण सदस्यहरुले बैठक वा साधारण सभामा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाइने छैन ।

३२. एन अनुसार हुने : यस विधानमा उल्लेख नभएका कुराहरु कानून बमोजिम हुनेछ र संस्था दर्ता ऐन नियम, र प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हद सम्म स्वत: निष्कृय हुनेछन् ।

३३. निर्देशनको पालना : श्री ५ को सरकार वा स्थानीय अधिकारीले समय, समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

३४. तदर्थ समिति :

१. यो संस्था स्थापना गरी दर्ता गराउनुको लागि गठित तदर्थ समितिले ६ महिना भित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्यसमितिको निर्वाचन गराउने छ र सो को जानकारी स्थानीय अधिकारीलाई दिइने छ ।

२. प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा कार्यसमितिले गरेका काम कारवाहीहरु यसै विधान सरह भएको मानिने छ ।

३५. हामी "चिल्ड्रेन एट रिस्क नेटवर्क नेपाल" का निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षीको रोहबरमा विधानमा सहीछाप गर्दछौं ।

| संस्थापकको नाम, थर र ठेगाना | साक्षीको नाम, थर, वतन र सहीछाप |
|---|---|
| १.नाम थर : हिम बहादुर गुरुङ्ग<br>ठेगाना : धापाखेल जिल्ला ललितपुर<br>नगरपालिका/ गा.वि.स. वडा नं ३ | १.नाम थर : श्री विमल लिम्बू<br>ठेगाना : ललितपुर जिल्ला ताल्चिखेल<br>वडा नं १४ |
| २.नाम थर : शमूएल सोदेम्वा<br>ठेगाना : भैंसेपाटी जिल्ला ललितपुर<br>नगरपालिका/ गा.वि.स. वडा नं ४ | २.नाम थर : श्री वेनी बहादुर कार्की<br>ठेगाना : ललितपुर जिल्ला धापाखेल<br>वडा नं ३ |
| ३.नाम थर : सेम बहादुर गुरुङ्ग<br>ठेगाना : बागडोल जिल्ला ललितपुर<br>नगरपालिका/ गा.वि.स. वडा नं ४ | |

| | |
|---|---|
| ४.नाम थर : इन्द्र बहादुर रखाल<br>ठेगाना : भैंसेपाटी जिल्ला ललितपुर<br>नगरपालिका/ गा.वि.स. वडा नं ८ | |
| ५.नाम थर : विष्णु प्रसाद पराजुली<br>ठेगाना : चपाली, जिल्ला काठमाडौं<br>नगरपालिका/ गा.वि.स. वडा नं ९<br>ब्लक नं. २२८ | |
| ६.नाम थर : सुन्दर बहादुर थापा<br>ठेगाना : समाखुसी जिल्ला काठमाडौं<br>नगरपालिका/ गा.वि.स. वडा नं ३ | |
| ७.नाम थर : तुलसा शर्मा<br>ठेगाना : धोविघाट जिल्ला ललितपुर<br>नगरपालिका/ गा.वि.स. वडा नं ३ | |
| ८. नाम थर : मदन किराती<br>ठेगाना : का. जि.गंगबु, महादेवटार,<br>वडा नं ८ | |
| ९. नाम थर : धनराज घिमिरे<br>ठेगाना : सानेपा, जिल्ला ललितपुर<br>वडा नं. २, | |

## अनूसूची - १

## संस्थाको छाप र चिन्हको विवरण

संस्थाको छाप र चिन्हको विवरण आकार, प्रकार, एवं अन्य विवरणहरुको सम्बन्धमा उल्लेख गर्ने ।

CHILDREN AT RISK NETWORK NEPAL

श्री ५ को सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर
२०४८

## चिल्ड्रेन एट रिस्क नेटर्वक नेपाल (कार्नेट नेपाल) को विधान संशोधन २०६३ को पहिलो संशोधन २०७२ मा थप वा संशोधन गरिएका दफा उपदफाहरु:

| साविक विधानको व्यवस्था | संशोधन भएको विधानको विवरण | संशोधन गर्नुपर्नाको औचित्य/पुष्ट्याँई |
|---|---|---|
| १. थप गर्नुपर्ने (दफा ३ को उपदफा ) दफा ३ को उपदफाको ''क'' देखि ''घ'' सम्मको बुँदा मात्र व्यवस्था भएको र अर्को बुंदा''ङ''थप्नुपर्ने अवस्था भएकोले | ङ पदेन सदस्य: संस्थामा नियूक्त कार्यकारी निर्देशक पदेन सदस्यको रुपमा रहने छ। | १. संस्थाको सम्पूर्ण गतिविधिहरुलाई अध्यावधिक, कार्यन्वायनका साथै प्रतिवेदन कार्य समिति समक्ष पेश गर्नुपर्ने भएकोले । |
| २. थप गर्नुपर्ने (दफा २ को उपदफा ४ ) दफा ३ को उपदफाको ''क'' देखि ''ड'' सम्मको बुँदा मात्र व्यवस्था भएको र अर्को बुंदा''ण''थप्नुपर्ने अवस्था भएकोले | २. ''ण'': देशमा विपद तथा प्राकृतिक प्रकोपको बेलामा आपातकालिन तथा दिर्घिकालिन रुपमा विपद तथा प्राकृतिक प्रकोपका पीडितहरुलाई राहात दिलाउने तथा पुर्नस्थापना गर्ने/गराउने । | २. देशमा विभिन्न प्रकारका प्राकृतिक प्रकोप तथा विपदको अवस्था आइरहेकोले संस्थाले त्यस्ता पीडितहरुका लागि आवश्यक सहायता तथा सहयोग गर्नुपर्ने भएकोले । |
| ३. यस संस्थाको विधान २०६२ मा श्री ५ को सरकार उल्लेख भएकोमा परिर्वतन गरि नेपाल सरकार बनाउनुपर्ने भएकोले | ३.नेपाल सरकार | ३. नेपाल सरकारको व्यवस्था लागू भएकोले । |